# स्थानीय राजपत्र

## वनगाड कुपिण्डे नगरपालिकाद्वारा प्रकाशित

संख्याः ७ खण्डः ९ प्रकाशन मितिः २०८३।०१।१६

## भाग – २

## नगर शिक्षक तथा कर्मचारी ब्यवस्थापन कार्यविधि, २०८२

### नगरकार्यपालिकाबाट स्वीकृत मितिः२०८२।१२।२७

**प्रस्तावनाः**

स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनका लागि  वनगाड कुपिण्डे नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा कक्षागत तथा विषयगत आधारमा शिक्षक अभावका कारण विद्यालयको नियमित अध्ययन अध्यापनमा उत्पन्न हुने कठिनाइलाई न्यूनिकरण गरी  वनगाड कुपिण्डे नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि नगर शिक्षक/कर्मचारी ब्यवस्थापन कार्यविधि, २०८२ व्यवस्थापन गर्न बान्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१), नगर शिक्षा ऐन २०७५ (शंसोधनसहित) को दफा ५३ को उपदफा (१) बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) अनुसार कार्यविधि बनाउन सक्ने प्रावधान बमोजिम यस नगरपालिकाले नगर शिक्षक तथा कर्मचारी ब्यवस्थापन कार्यविधि, २०८२  तयार गरी नगर कार्यपालिकाको मिति २०८२।१२।२७ को बैठकले यो कार्यविधि  जारी गरेको छ ।

# परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "वनगाड कुपिण्डे नगरपालिकाको नगर शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यपालिका"** भन्नाले वनगाड कुपिण्डे नगरपालिका सल्यानको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ख) **"कार्यालय"** भन्नाले वनगाड कुपिण्डे नगरपालिका सल्यानको कार्यालय सम्झनुपर्छ ।

(ग) **"दरबन्दी"** भन्नाले संघीय ससर्त अनुदानबाट तलब वा पारिश्रमिक उपलब्ध हुने गरी विद्यालयमा रहेको स्वीकृत दरबन्दी, राहत दरबन्दी, अनुदान कोटा समेतलाई सम्झनुपर्छ ।

(घ) **"नगरपालिका"** भन्नाले वनगाड कुपिण्डे नगरपालिका सल्यानलाई सम्झनुपर्छ ।

(ङ) **"नगर शिक्षक तथा कर्मचारी भन्नाले"** नगरपालिकाको अनुदानबाट तलब वा पारिश्रमिक उपलब्ध हुने गरी विद्यालयमा रहेको माध्यमिक तह (कक्षा ११-१२) शिक्षक, माध्यमिक तह (कक्षा ९-१०) शिक्षक, आधारभूत तह (कक्षा ६-८) शिक्षक, आधारभूत तह (कक्षा १-५) शिक्षक, बालविकास सहजकर्ता, विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगीलाई यस कार्यविधि बमोजिम नगरपालिकाले नियुक्ति गरेको शिक्षक तथा कर्मचारी सम्झनुपर्छ, साथै यो कार्यबिधि लागु हुनुपूर्व नगरपालिकाले नगर अनुदान शिक्षक कर्मचारी र बालविकास सहजकर्ताको रुपमा छनौट गरी विद्यालयले नियुक्ति गरेको शिक्षक तथा कर्मचारीलाइ यसै कार्यबिधि बमोजिमका नगर शिक्षक तथा कर्मचारी सम्झनुपर्छ ।

(च) **"नगर शिक्षा समिति"** भन्नाले नगर शिक्षा ऐन वनगाड कुपिण्डे २०७५ (संशोधनसहित) बमोजिम गठन भएको नगर शिक्षा समिति सम्झनु पर्दछ

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले वनगाड कुपिण्डे नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सो काम गर्न तोकेको अधिकृत सम्झनुपर्छ ।

(ज) **"शाखा"** भन्नाले वनगाड कुपिण्डे नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(झ) **"विद्यालय"** भन्नाले वनगाड कुपिण्डे नगरपालिका क्षेत्रभित्र सञ्चालित भई, स्वीकृत दरबन्दी,राहत,अनुदान, नगर शिक्षक कोटा,शिक्षण सहयोग अनुदान कोटा बापत रकम प्राप्त गरेको सामुदायिक विद्यालय सम्झनुपर्छ ।

(ञ)छनौट समिति भन्नाले दफा ८ बमोजिम गठन भएको नगर शिक्षक तथा कर्मचारी छनोट समिति सम्झनुपर्छ ।

# परिच्छेद-२

## विद्यालय छनौट,कोटा निर्धारण तथा वितरण सम्बन्धी व्यवस्था

**३. विद्यालय छनोटका आधारहरूः** नगर शिक्षक तथा कर्मचारी कोटा वितरणका लागि विद्यालय छनौटका आधार देहाए बमोजिम हुनेछन्ः

(क) पछिल्लो पटक अनुमति लिएको कक्षामा कम्तिमा एक शैक्षिक सत्रको पढाई भएको हुनुपर्ने ।

(ख) प्रति कक्षा न्यूनतम १ जना शिक्षक नभएको हुनपर्ने ,

(ग) विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन भएको हुनुपर्ने ।

(घ) नियमित रूपमा सामाजिक परीक्षण र लेखापरीक्षण भएको हुनुपर्ने ।

(ख) विद्यालय सुधार योजना अद्यावधिक गरेको हुनुपर्ने ।

(च) विद्यालयको वार्षिक कार्ययोजना तयार भएको हुनुपर्ने ।

(छ) विद्यालयले नियमित रुपमा (एकीकृत शैक्षिक तथ्याङ्क प्रणाली) इमिस अद्यावधिक गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तोकेको वेभपेजमा अपलोड गरेको हुनुपर्ने ।

(ज) कोटा वितरण गरिने तहमा शुन्य दरबन्दी रहेको वा एक मात्र दरबन्दी रहेको वा सम्बन्धित तह र विषयगत शिक्षक अपुग रहेको ।

(झ) विद्यालयमा रहेका रिक्त दरबन्दीमा पदपुर्ती गरिसकेको हुनुपर्ने ।

(ञ) विद्यार्थीको चाप बढी भइ सेक्शन विभाजन भएको हुनुपर्ने ।

**४. नगर शिक्षक तथा कर्मचारीको कोटा निर्धारण गर्नु पर्नेः**

(१) विद्यालयगत रुपमा रहने नगर शिक्षक, वालविकास सहजकर्ता, विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगीको नयाँ कोटा निर्धारणका लागि नगर शिक्षा समितिले कोटा निर्धारण गरी सिफारिस गर्न सक्नेछ ।

(२) नगर शिक्षक/कर्मचारीको कोटा निर्धारणका लागि सिफरिस गर्दा नगर शिक्षा समितिले देहाएका प्रक्रिया अवलम्बन गर्नुपर्नेछः

(क) विद्यालयहरुले दफा ३ बमोजिमका आधारहरु पुरा गरेको वा नगरेको सम्बन्धमा शाखाबाट सूचना लिने,

(ख) शाखाका कर्मचारीहरु तथा शिक्षा परामर्श समितिवाट विद्यालयको अनुगमन गराई आवश्यक सूचना सङ्कलन गर्ने,

(३) नगर शिक्षक/कर्मचारीको कोटा निर्धारणका लागि नगर शिक्षा समितिले कार्यपालिका समक्ष कोटा निर्धारण विवरण पेश गर्नुपर्ने छ । नगर शिक्षा समितिबाट प्राप्त विवरण माथी नगर कार्यपालिकाले आवश्यक छलफल गरी नगर शिक्षक/कर्मचारीको कोटा स्वीकृत गर्नेछ ।

(४) नगर शिक्षा समितिले नगर शिक्षकको कोटा निर्धारण गर्दा सम्वत् २०८२ साल चैत्र मसान्त भन्दा पहिले यस नगरपालिकाबाट नगर शिक्षक/कर्मचारी छनौट भइ विद्यालयले नियुक्त गरी यो कार्यविधि लागू हुँदाका

बखतसम्म नगर अनुदान कोटामा अविछिन्न रुपमा कार्यरत अध्यापन अनुमति पत्र प्राप्त गरेका शिक्षकहरुको संख्यालाई आधार लिन सकिने छ ।

## परिच्छेद-३

### नगर शिक्षक तथा कर्मचारी को विज्ञापन तथा पदपूर्ति सम्बन्धी व्यवस्था

**५. नगर शिक्षक तथा कर्मचारीको पदपूर्तिका लागि विज्ञापन गर्नु पर्ने-**

(१) कार्यपालिकाबाट विद्यालयगत रुपमा तह,विषय र दरबन्दी खुलाई नगर शिक्षक/कर्मचारीको कोटा निर्धारण भए पश्चात उक्त कोटामा पदपूर्तिका लागि शिक्षक सेवा आयोगद्वारा प्रकाशित करार सूचीमा रहेको उम्मेदवारले दरखास्त दिन ७ दिनको सूचना प्रकाशित गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने सूचनामा शिक्षक सेवा आयोगद्वारा प्रकाशित करार सूचिमा रहेको उम्मेदवारले दरखास्त दिएमा योग्यता क्रमअनुसार शिक्षक छनौट समितिले नियुक्तिका लागि सिफारिस गर्न गर्नेछ।

(३) उपदफा (२) बमोजिम पदपुर्ति हुन नसकेमा खुला प्रतियोगितात्मक परीक्षाद्धारा शिक्षक/कर्मचारी पदपूर्तिका लागि न्यूनतम पन्ध्र दिनको अवधि तोकी कार्यालयको वेभसाईट मार्फत सार्वजनिक रुपमा विज्ञापन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रकाशन हुने विज्ञापनमा देहायका व्यक्तिहरुले दरखास्त दिन सक्नेछन्

(क) नेपाली नागरिक,

(ख) आधारभूत तहको लागि १८ वर्ष उमेर पुगेको र माध्यमिक तहको लागि २१ वर्ष उमेर पुगेको

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको

(ङ) भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बरखास्त नभएको,

(च) शिक्षक सेवा आयोगले तोकेको न्यूनतम शैक्षिक योग्यता भएको,

(छ) अध्यापन अनुमति पत्र प्राप्त गरेको, तर विद्यालय सहयोगी/बालविकास सहजकर्ता र विद्यालय सहायक कर्मचारीलाई अध्यापन अनुमति पत्र अनिवार्य हुने छैन ।

(ज) ४० वर्ष ननाघेको

(४) उप दफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि २ पटक सम्म विज्ञापन गर्दा पनि तोकिएको तह र विषयमा अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्तिको दरखास्त नपरेमा तेस्रो पटकको विज्ञापनमा शैक्षिक योग्यता पुगेको तर अध्यापन अनुमति पत्र प्राप्त नगरेको व्यक्तिले समेत दरखास्त दिन सक्ने छ ।

**६. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रियाः**

(१) दफा ५ बमोजिम प्रकाशित विज्ञापन अन्तर्गतका कोटामा शिक्षक पदपूर्ति गर्दा छनौट समितिले शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम, परिक्षा तथा मूल्याङ्कन प्रणालीलाई आधार लिन सक्नेछ।

(२) बालविकास सहजकर्ताको पाठ्यक्रम अनुसूची १ बमोजिम हुनेछ ।

(३) विद्यालय कर्मचारीका लागि लोक सेवा आयोगले चौथो तहको लागि अवलम्वन गरेको पाठ्यक्रम परिक्षा तथा मूल्याङ्कन प्रणालीलाई आधार लिन सक्नेछ।

(४)विद्यालय सहयोगीको पाठ्यक्रम अनुसूचि २ बमोजिम हुनेछ ।

**७. विज्ञापनका लागि पदसंख्या निर्धारण गर्नु पर्नेः**

(१) विज्ञापनको लागि पदसंख्या (कोटा) निर्धारण गर्दा ५५ प्रतिशत खुला प्रतिस्पर्धा र ४५ प्रतिशत समावेशी प्रतिनिधित्व हुने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा पदपूर्ति हुनेगरी गर्नुपर्नेछ।

(२) समावेशी समूहलाई छुट्याइएको ४५ प्रतिशतलाई १०० प्रतिशत मानी देहाए वमोजिम समावेशी नगर शिक्षक कोटा निर्धारण गरिनेछः-

क.महिला:४० प्रतिशत

ख जनजाती आदीवासी :२३प्रतिशत

ग दलित: २० प्रतिशत

घ.सहिद तथा वेपत्ता परिवार :९ प्रतिशत

ङ.अपाङ्गः८ प्रतिशतः

(३) समावेशी कोटा निर्धारण गर्दा अघिल्लो वर्षहरुमा भएको समावेशी कोटालाई समेत ध्यानमा राखी क्रमशः सबै समुहको प्रतिनिधित्व हुने गरी निर्धारण गर्नुपर्नेछ ।

(४)कुनै समावेशी समूहलाई छुट्याइएको कोटाबाट पदपूर्ति हुन सक्ने अवस्था नरहेमा उक्त समावेशी कोटा सोही वर्षको विज्ञापनको खुला तर्फको विज्ञापनमा संख्या थप गरी परीक्षाफल प्रकाशन गर्नुपर्नेछ ।

**८. नगर शिक्षक तथा कर्मचारी छनौट समितिः**

(१) यस कार्यविधि बमोजिम कार्यपालिकाबाट निर्धारण भई विद्यालय तथा विषयगत रुपमा वितरण भएको स्वीकृत माध्यमिक तह (कक्षा ११-१२) शिक्षक, माध्यमिक तह (कक्षा ९-१०) शिक्षक, आधारभूत तह (कक्षा

६-८) शिक्षक, आधारभूत तह (कक्षा १-५) शिक्षक, बालविकास सहजकर्ता, विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगी कोटामा पदपूर्ति देहाएको नगर शिक्षक/कर्मचारी छनौट समितिले गर्नेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख) प्रमुख शिक्षा अधिकृत सदस्य

(ग) सामुदायिक विद्यालय तथा सरकारी क्याम्पसका तहगत विषयविज्ञ शिक्षक/प्राध्यापक हरूमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका एक जना सदस्य

(घ) नगरपालिकाका अधिकृत स्तरका कर्मचारीहरु मध्येबाट छनौट समितिले मनोनित गरेका एकजना सदस्य

(ङ) शिक्षा अधिकृत सदस्य- सचिव

(२) तहगत र विषयगत आकश्यकताका आधारमा समितिले आबश्यकता अनुसारको संख्यामा विषयगत विशेषज्ञहरु र सम्बन्धित शाखाको कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) नगर शिक्षक/कर्मचारी छनौटका पदाधिकारी र आमन्त्रित सदस्यहरुले अर्थ मन्त्रालयको स्वीकृत बैठक भत्ताको दर बमोजिम बैठक भत्ता पाउने छन् ।

(४) समितिको कार्य संचालन तथा बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ९. नगर शिक्षक तथा कर्मचारी छनौट समितिको काम, कर्तव्य र अधिकारः

(१) नगर शिक्षक तथा कर्मचारी छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयहरूका लागि कार्यपालिकाले स्वीकृत गरी वितरण भएका कोटामा नगर शिक्षक/कर्मचारी नियुक्ति गर्न खुला प्रतियोगितात्मक परीक्षा सञ्चालनको लागि विज्ञापन प्रकाशन गर्ने,

(ख) नगर शिक्षक/कर्मचारी छनौटका लागि लिखित परीक्षा र अन्तर्वार्ता सञ्चालन गर्ने,

(ग) लिखित परीक्षामा सफल भई अन्तर्वाता परीक्षामा सहभागी भएका उम्मेदवारहरुले प्राप्त गरेको कुल प्राप्ताङ्कका आधारमा उम्मेदवार छनौट तथा कोटा रहेको विद्यालयका लागि पदस्थापना गरी नियुक्तिका लागि सम्बन्धित विद्यालयमा सिफारिस गर्ने ।

## १०. शिक्षक तथा कर्मचारीको करार सम्झौताः

(१) नगर शिक्षक तथा कर्मचारी छनौट समितिले सिफारिस गरी पठाएको उम्मेदवारलाई विद्यालयले करार सम्झौता गरी कामकाज गराउनु पर्नेछ ।

(२) विद्यालयले शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्यांकन गरी ६/६ महिनामा करार सम्झौता नवीकरण गर्नुपर्नेछ ।

## परिच्छेद– ४

### नगर शिक्षक तथा कर्मचारीको सेवा,शर्त,सुविधा सम्बन्धि ब्यवस्था

**११. नगर शिक्षक तथा कर्मचारीको पारिश्रमिक तथा अन्य सुविधाः**

(१) नगर शिक्षक तथा कर्मचारीको को मासिक पारिश्रमिक,चाडपर्व खर्च तथा अन्य सुविधा नगरकार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

(२) नगर शिक्षक तथा कर्मचारीको मासिक पारिश्रमिक विद्यालयबाट पेश हुने माग फारम तथा हाजिरीका आधारमा त्रैमासिक रुपमा, चाडपर्व खर्च प्रथम त्रैमासिक अवधिमा र पोशाक वापतको रकम तेस्रो त्रैमासिक अवधिमा सम्बन्धित विद्यालयको खातामा निकासा गरिनेछ । सम्बन्धित विद्यालयले सम्बन्धित शिक्षकको बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**१२. नगर शिक्षक तथा कर्मचारीको काज तथा विदाः**

(१) नगर शिक्षक तथा कर्मचारीको सम्झौतामा उल्लेख भए बमोजिम मासिक भैपरी विदा आधा दिन र पर्व विदा आधा दिनका दरले ६।६ दिन र विरामी विदा वापत एक वर्षमा १२ दिन छ। यस कार्यविधि बमोजिम पाउने विदा अर्को शैक्षिक सत्रका लागि संचित गर्न पाइने छैन । साथै सो विदा वापतको अन्य कुनै किसिमको अतिरिक्त सुविधा उपलब्ध गराइने छैन ।

(२) साथै महिला शिक्षक तथा कर्मचारीले शिक्षा ऐनमा व्यवस्था भएबमोजिम सेवा अवधिभर दुईपटक ९८ दिन प्रसुति बिदा तथा पुरुष शिक्षक तथा कर्मचारीले १५ दिन प्रसुति स्याहार बिदा पाउने छन् ।

**१३. नगर शिक्षक तथा कर्मचारीले पालना गर्नु पर्ने आचारसंहिताः** नगर शिक्षक/कर्मचारीले देहाय बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछः-

(क) करारसम्झौता अनुरूपको कार्य इमान्दारीपूर्वक सम्पन्न गर्ने,
(ख) निर्धारित समयमा नियमितरूपले विद्यालयमा आएको र गएको समय जनाई हाजिरी गर्ने,
(ग) पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,
(घ) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,
(ङ) नगरपालिकाको नीति तथा कानून प्रतिकूल हुने कुनै कार्य नगर्ने,
(च) कुनै पनि राजनीतिक दल को गतिविधिमा संलग्न नहुने,
(छ) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचारी व्यवहार अवलम्बन गर्ने ।

## परिच्छेद-५

### नगर शिक्षक तथा कर्मचारीलाई शिक्षण सहयोग अनुदान सम्बन्धी व्यवस्था

**१६. शिक्षक तथा कर्मचारीलाई अनुदानका रुपमा पारिश्रमिक रकम वितरण गर्ने प्रक्रियाः**

(१) नगर शिक्षक/कर्मचारीको रुपममा कार्यरत शिक्षक/कर्मचारीहरुको पारिश्रमिक रकम सम्बन्धित विद्यालयहरुको बैंक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान रकम प्राप्त गर्न विद्यालयहरुले तोकिएको पदमा कार्यरत रहेका शिक्षक,कर्मचारीको नाममा इमिसमा रहेको ढाँचामा मासिक रुपमा हाजिरि अद्यावधिक गरी हरेक द्वैमासिक अवधिमा माग फाराम तथा हाजिर विवरण तयार गरी पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको माग फाराम तथा हाजिरी विवरणका आधारमा शाखाले द्वैमासिक विवरण तयार पारी नगरपालिकाको आर्थिक प्रशासन शाखामा पेश गर्ने र आर्थिक प्रशासन शाखाले शाखाबाट प्राप्त विवरणका आधारमा सम्बन्धित विद्यालयको बैंक खाता मार्फत पारिश्रमिक वापतको अनुदान रकम द्वैमासिक रुपमा निकासा गर्नेछ ।

# परिच्छेद-६

पदपूर्ति समितिका पदाधिकारी तथा विषय विज्ञको पारिश्रमिक तथा सुविधा

१७. वैठक भत्ताः पदपूर्ति समितिका पदाधिकारी तथा आमन्त्रित सदस्यलाई प्रचलित कानूनले तोके बमोजिम वैठक भत्ता दिइनेछ।

१८. विज्ञ सेवा उपलब्ध गराए बापत पारिश्रमिक /सुविधाः (१)नगर शिक्षक तथा कर्मचारी छनौटको लागि विषय विज्ञको सेवा लिए बापत तपसिल बमोजिमको पारिश्रमिक तथा सुविधा उपलब्ध गराइने छ ।

क) प्रश्नपत्र निर्माण (प्रति सेट)

मा.वि. तहः रु ३५००

निमावि तहः रु ३२००

प्रावि तह/ सहायक कर्मचारीः रु३०००

वालविकास सहजकर्ताःरु ३०००

ख) उत्तरपुस्तिका परीक्षण (प्रति उत्तर पुस्तिका)

मा.वि. तहः रु १००

निमावि तहः रु १००

प्रावि तह/ सहायक कर्मचारीः रु १००

वालविकास सहजकर्ताः रु १००

(२) विषय विज्ञ टाढाको दुरीबाट आउनुपर्ने अवस्था भएमा प्रचलित कानून बमोजिमको दैनिक भ्रमणभत्ता उपलब्ध गराइने छ।

# परिच्छेद-७
## विविध

**१७. दरबन्दी मिलान, पदस्थापना र सरुवाः**

(१) नगरपालिकाले आबश्यकतको आधारमा गर्ने दरबन्दी मिलानबाट कुनै विद्यालयमा नगर शिक्षकको कोटा कट्टी भई अर्को विद्यालयमा थप हुन गएमा उक्त कोटामा कार्यरत शिक्षक दरबन्दी थप हुने विद्यालयमा स्वतः पदस्थापना भएको मानिनेछ ।

(२) नगर शिक्षकहरुलाई नगरपालिकाको एउटा सामुदायिक विद्यालयको नगर शिक्षक कोटाबाट अर्को सामुदायिक विद्यालयको नगर शिक्षक कोटामा नगर शिक्षा समितिको निर्णयानुसार शाखा प्रमुखले सरुवा गर्न सक्नेछ ।

**१८. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको उद्धेश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ  फुकाउ गर्न सक्ने छ ।

**१९. बचाउ र खारेजीः**

(१) यो कार्यविधि जारी हुनुभन्दा पहिलेका आर्थिक वर्षहरुमा नगरपालिकाको वार्षिक निति,कार्यक्रम तथा बजेट मार्फत विनियोजन भई नगर शिक्षकहरुका लागि विद्यालयहरुमा निकासा गरिएको पारिश्रमिक तथा थप पारिश्रमिक वापतको रकम यसै कार्यविधि बमोजिम निकासा भएको मानिनेछ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएको विषयमा नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३) यस कार्यविधि अघि भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

४) यो कार्यविधिका प्रावधानहरु प्रचलित कानून बमोजिम बाझिन गएमा बाझिएको हद सम्म स्वत अमान्य हुनेछ ।

<u>अनुसुची १</u>

नगर शिक्षक कर्मचारी व्यवस्थापन कार्यविधि २०८२ को परिच्छेद ३ दफा ६ उपदफा २ बमोजिम

<u>बालविकास सहजकर्ताको नियुक्तिको लागी लिइने परिक्षाको पाठ्यक्रमः</u>

<u>लिखित परिक्षाको योजना **(Written Examination Scheme)**</u>

| विषय क्षेत्र | पुर्णाङ्क | उत्तिर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अंकभार | परिक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परिक्षा ( बस्तुगत/बहुबैकल्पिक प्रश्नहरू)= प्रथम चरण | ५० | २५ | २५ | २ | वस्तुगत/बहुबैकल्पिक | ३० मिनेट |
| विषयगत परिक्षा =दोस्रो चरण | ५० | २० | ६x५=३०<br>२x१०=२० | ५<br>१० | विषयगत/विश्लेषणात्मक | २ घण्टा |

**खण्ड-क वस्तुगत प्रश्नहरू (सामान्य ज्ञान)**

| क्र.सं. | विषय वस्तु तथा क्षेत्र | प्रश्न संख्या | एक प्रश्नको अंकभार |
|---|---|---|---|
| १ | नेपालको भूगोल( भौगोलिक विवधता,प्रदेश,जिल्ला,स्थानीय तह,ताल,नदि,हिमाल) | २ | २ |
| २ | नेपालको आधुनिक शैक्षिक इतिहास | २ | २ |
| ३ | शिक्षाको अर्थ,परिभाषा,उद्धेश्यहरू र कार्यहरू | २ | २ |
| ४ | शिक्षा मनोविज्ञानः अर्थ,अवधारणा,आवश्यक्ता र महत्त्व | २ | २ |
| ५ | मानव विकासः वृद्धि र विकासको अवधारणा,चरण र विशेषता | ३ | २ |
| ६ | पूर्व बाल्यावस्थाः परिचय,विकासात्मक कार्य,विशेषताहरू | ४ | २ |
| ७ | पाठ्यक्रमको परिचय,अवधारणा र स्थानीय पाठ्यक्रम | २ | २ |
| ८ | शैक्षणिक योजनाःअर्थ र आवश्यक्ता,वार्षिक कार्ययोजना,वार्षिक शैक्षिक योजना,एकाई योजना र दैनिक पाठ योजना | ३ | २ |
| ९ | शैक्षिक संगठनः कक्षा शिक्षण, बहुकक्षा शिक्षण, विषय शिक्षण, मिश्रित शिक्षण | २ | २ |

| | | | |
|---|---|---|---|
| १० | नेपालको संविधान(शिक्षा सम्बन्धि व्यवस्था),शिक्षा ऐन, २०२८( संशोधन सहित), शिक्षा नियमावली २०५९ (संशोधन सहित), स्थानिय तह संचालन ऐन २०७४ (शिक्षा सम्बन्धि व्यवस्था) | ३ | २ |

**खण्ड-ख विषयगत परिक्षाको पाठ्यक्रम**

| क्र.सं. | विषय वस्तुको क्षेत्र | प्रश्न संख्या | अंकभार |
|---|---|---|---|
| १ | शैक्षणिक योजनाः परिचरय, आवश्यक्ता, निर्माण र प्रयोग (वार्षिक कार्यतालिका,वार्षिक शैक्षिक योजना, एकाइ योजना, दैनिक पाठयोजना र दैनिक कार्यतालिका), कक्षाकोठा व्यवस्थापन (अवधारणा र महत्त्व,कक्षाकोठाको वातावरण र बसाइ व्यवस्थापन) शैक्षिक व्यवस्थापनः कक्षा शिक्षण, विषय शिक्षण र बहुकक्षा शिक्षण, कक्षाकोठामा विवधता व्यवस्थापन (भाषिक,सामाजिक, सिकाइ क्षमता,बौद्धिक र शारिरिक) | १ वटा | १० |
| २ | शैक्षिक सामग्री र शैक्षिक सुधारः शैक्षिक सामाग्रीको प्रकार र निर्माण,प्राथमिक तहमा अध्यापन हुने विषयहरूको विषयगत शैक्षिक सामाग्री निर्माण र प्रयोग | १ वटा | ५ |
| ३ | विद्यालय समुदाय सम्बन्धः विद्यालयको विकासमा समुदायको सहभागित र दायित्त्व,समुदायको विकासमा विद्यालयको योगदान, विद्यालय र समुदाय बिच सम्बन्ध | १ वटा | ५ |
| ४ | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाइः व्यक्तिगत सरसफाई,वातावरणिय सरसफाई,फोहोर व्यवस्थापन प्राथमिक उपचारः परिचय, महत्त्व, पारिवारिक र सामुदायिक स्वास्थ्य सेवा, घर,विद्यालय र खेल मैदानमा हुने दुर्घटना, प्राथमिक उपचार तथा दुर्घटनाबाट बच्ने उपायहरू | १ वटा | १० |
| ५ | पाठ्यक्रमः अर्थ, परिभाषा, महत्त्व, तत्त्वहरू, पाठ्यक्रम निर्माणका आधारहरू, स्थानिय पाठ्यक्रमः परिचय, महत्त्व, र विद्यालय तहमा स्थानीय पाठ्यक्रम सम्बन्धमा भएको व्यवस्था | १ वटा | ५ |
| ६ | बालमनोविज्ञानः अर्थ, क्षेत्र, आवश्यक्ता र महत्त्व पूर्व बाल्यअव्थाः परिचय,विकासात्मक कार्य, विशेषताहरू, शारिरिक र संवेगात्मक परिवर्तन तथा प्रभाव, संकटहरू, पुर्व-बाल्यावस्थाका विद्यार्थीको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भुमिका | १ वटा | ५ |
| ७ | सिकाइः अर्थ, स्वरूप र शैलिहरू, परिपक्कता र सिकाइ बिच अन्तरसम्बन्ध स्व-प्रतिविम्वन र सिकाइ, सिकाइमा स्थानान्तरण, स्मरण र विस्मरण, उत्प्रेरणा र सिकाइ, शिक्षण विधिको वर्गीकरण र प्रयोग, शिक्षक निर्देशिका संग शिक्षण विधिको सम्बन्ध | १ वटा | ५ |
| ८ | परिक्षा र मुल्याङ्कनः परिक्षाको अवधारणा, उद्धेश्य, प्रकारहरू, शिक्षक निर्मित परिक्षा र स्तरीकृत परिक्षा, मूल्याङ्कनको अवधारणा, उद्धेश्य, प्रकारहरू, मुल्याङ्कनका विधि तथा प्रक्रियाहरू | १ वटा | ५ |

**अन्तर्वार्ताको योजना (Interview Examination Scheme) बालविकास सहजकर्ताको लागी**

**१. शैक्षिक योग्यता वापतको ५ अंक**

बालविकास सहजकर्ताको रूपमा सेवा प्रवेश गर्न तोकिएको न्युनता शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा तिन र द्धितिय श्रेणी भए दुइ र तृतिय श्रेणी भए एक अंक,

**२. अन्तर्वार्ता वापत १५ अंक**

(व्यक्तित्त्व,/ आचरण-३, विषयवस्तुको ज्ञान-९, प्रस्तुतिकरण-३,) तर अन्तर्वार्ताको अंक दिदा कुनै उम्मेद्धावरलाइ ३५% भन्दा कम र ७०% भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।

**३. स्थानिय वाफतको ५ अंक**

स्थायी वडाको वासीलाई बढीमा ५ अंक प्रदान गर्न सकिने।

द्रष्ठव्यः

१. सामान्य परिक्षा ( वस्तुगत/ बहुबैकल्पिक प्रश्नहरू) को लागि ३० मिनेट समय निर्धारण गरिएको छ ।
२. विषयगत परिक्षाको लागि २ घण्टा समय निर्धारण गरिएको छ।
३. प्रथम चरणको परिक्षा उत्तिर्ण गरेका परिक्षार्थीहरुलाइ मात्र दोस्रो चरणको परिक्षामा समावेश गराइनेछ।
४. सामन्य परिक्षा (वस्तुगत/बहुबैकल्पिक प्रश्नहरू)का प्रश्न गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २०% अंक कट्टा गरिनेछ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन।
५. यस पाठ्यक्रम अन्तरगतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन (ऐन,नियम) तथा नितिहरू परिक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

## <u>अनुसुची २</u>

**नगर शिक्षक कर्मचारी व्यवस्थापन कार्यविधि २०८२ को परिच्छेद ३ दफा ६ उपदफा ४ बमोजिम**

## <u>विद्यालय सहयोगी नियुक्तिको लागी लिइने परिक्षाको पाठ्यक्रमः</u>

## <u>लिखित परिक्षाको योजना( Written Examination Scheme)</u>

| विषय क्षेत्र | पुर्णाङ्क | उत्तिर्णाङ्क | प्रश्न संख्या | प्रति प्रश्न अङ्कभार | परिक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परिक्षा (बस्तुगत/बहुबैकल्पिक प्रश्नहरू)= प्रथम चरण | १० | ०४ | १० | १ | वस्तुगत/बहुबैकल्पिक | १५ मिनेट |
| विषयगत परिक्षा= द्धितिय चरण | २० | ०८ | ४ | ५ | विषयगत/विश्लेषणात्मक | ४५ मिनेट |

**खण्ड-क वस्तुगत प्रश्नहरू (सामान्य ज्ञान)**

| क.सं. | विषयवस्तु तथा क्षेत्र | प्रश्न संख्या | प्रति प्रश्नको अंकभार |
|---|---|---|---|
| १ | वनगाड कुपिण्डे नगरपालिका सम्बन्धि सामान्य जानकारी (भूयोल,नगर प्रमुख, नगर उपप्रमुख र ऐतिहासिक व्यक्तित्वहरू ) | २ | १ |
| २ | पुर्व बाल्यावस्थाः परिचय,विकासात्मक कार्य, विशेषताहरू | २ | १ |
| ३ | नेपाली विषय सम्बन्धि सामान्य जानकारी (हस्व र दिर्घको प्रयोग,करण र अकरण, प्रत्यय र उपसर्ग) | २ | १ |
| ४ | कार्यालय व्यवस्थापन सम्बन्धि सामान्य जानकारी | २ | १ |
| ५ | गणित सम्बन्धि सामान्य जानकारी (जोड,घटाउ,गुणन र भाग) | २ | १ |

**खण्ड-ख विषयगत परिक्षाको पाठ्यक्रम**

| क.सं. | विषयवस्तुको क्षेत्र | प्रश्न संख्या | अङ्कभार |
|---|---|---|---|
| १ | प्राथमिक उपचारः परिचय,महत्त्व, पारिवारिक र सामुदायिक स्वास्थ्य सेवा,घर,विद्यालय र खेल मैदानमा हुने दुर्घटना,प्राथमिक उपचार तथा दुर्घटनाबाट बच्ने उपायहरू | १ | ५ |
| २ | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाइ, वातावरणीय | १ | ५ |

| | | | |
|---|---|---|---|
| | सरसफाइ,फोहोर व्यवस्थापन | | |
| ३ | विद्यालय दिवा खाजा कार्यक्रम, विद्यालयमा दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापनको तरिका, दैनिक दिवा खाजा व्यवस्थापनका तरिका, दैनिक दिवाखाजा व्यवस्थापनका लागि स्थानिय स्तरमा उत्पादन हुने परिकारहरू आदि । | १ | ५ |
| ४ | विद्यालयमा सहयोगी कर्मचारीको भुमिका,महत्त्व,महत्त्वपुर्ण व्यक्ति तथा विद्यार्थी प्रति शिष्ट व्यवाहार | १ | ५ |

अन्तर्वार्ताको योजना **(Interview Examination Scheme)**

१. शैक्षिक योग्यता वापत ५ अंक
विद्यालय सहयोगी कर्मचारीको रूपमा सेवा प्रवेश गर्न तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रथम श्रेणी भएमा तीन र द्धितिय श्रेणी भएमा दुई अंक र सेवा प्रवेशका लागि तोकिएको शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए दुई र द्धितिय श्रेणी भए एक अंक,

२. अन्तर्वार्ताको वापत १५ अंक (व्यक्तित्त्व/आचरण-३, विषय वस्तुको ज्ञान-९,प्रस्तुतीकरण-३)
तर अन्तर्वार्ताको अंक दिदां कुनै उम्मेद्धावरलाई ३५% भन्दा कम र ७०% भन्दा बढि दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।

**द्रष्टव्यः विद्यालय सहयोगी कर्मचारीको लागि**

१. सामान्य परीक्षा( वस्तुगत/बहुबैकल्पिक प्रश्नहरू) को लागि १५ मिनेट समय निर्धारण गरिएको छ ।
२. विषयगत परीक्षाको लागी ४५ मिनेट समय निर्धारण गरिएको छ।
३. प्रथम चरणको परिक्षा उत्तीर्ण गरेका परिक्षार्थीहरूलाई मात्र दोस्रो चरणको परीक्षामा समावेश गराईनेछ।
४. सामान्य परीक्षा ( वस्तुगत/बहुबैकल्पिक प्रश्नहरू) का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २०% अंक कट्टा गरिने छ तर उत्तर नदिएमा अंक कट्टा गरिने छैन ।
५. यस पाठ्यक्रम अन्तरगतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन (ऐन,नियम) तथा नितिहरू परिक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

आज्ञेले,
गोकर्ण पन्थी
प्रमुख प्रशासकीय अधिकृत